नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

**(जारी मिति: २०७७-०४-३१ गते बिहान ०७ बजे)**

**नदीहरुको हालको अवस्था (Present River Status)**

**आज बिहानको मापन अनुसार कन्काई, कोशी, कमला, बागमती, नारायणी, पश्चिम राप्ती, बबई, कर्णाली, महाकाली नदीमा बहाव बढ्दो क्रममा छ तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ। हाल कोशीको मुख्य सहायक नदी तमोर, मुलघाट बाढीमापन केन्द्रमा जलसतह सतर्कता तह पर गरेको र बढ्दो रहेको छ।**

**बाढी पूर्वानुमान (Flood Forecast)**

**पूर्वानुमान आज : श्रावण-३१ (शनिबार) ( विहान ७ बजे देखि २४ घण्टा)**

- **आज सप्तकोशीमा बहाब बढ्दो हुने र सतर्कता आसपास पुग्ने,कोशीको मुख्य सहायक नदी तमोरमा बहाब खतरा तह आसपास हुने। नारायणीमा बहाब सतर्कता भन्दा माथि र खतरा आसपास हुने। कर्णाली र यसको सहायक नदीमा बहाब सतर्कता आसपास हुने। महाकालीमा बहाब बढ्दो हुने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।**
- **आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई लगायतमा बहाब बढ्ने तर सतर्कता भन्दा तलै हुने भएता पनि कमला,बागमती, आरूणखोला,रिउखोला, तिनाउ, बाणगंगा,पश्चिम राप्ती,बबईका केही स-साना सहायक नदीमा आकस्मिक बहाब भई सतर्कता तह पुग्न सक्ने।**
- **आज पाँचथर, संखुवासभा, ओखलढुङ्गा, रामेछाप, दोलखा, सिन्धुली, काभ्रेपलान्चोक, काठमाडौँ उपत्यका, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, धादिङ, मकवानपुर, चितवन, गोरखा, नवलपरासी, रुपन्देही, कपिलबस्तु,पाल्पा, अर्घाखाँची, गुल्मी, तनहुँ, लमजुङ, स्याङ्जा, कास्की, पर्वत, बाग्लुङ, रुकुम, रोल्पा, प्युठान, दाङ, बाँके, सुर्खेत, सल्यान, बर्दिया,दैलेख,कालिकोट, डोटी, अछाम, कैलाली, कञ्चनपुर, डडेल्धुरा र आसपास भई बहने स-साना नदीमा बहाव केही बढ्ने र केहीमा आकस्मिक बहाब भई सतर्कता तह पुग्न सक्ने पूर्वानुमान छ।**

**पूर्वानुमान भोलि: श्रावण-३२ (आइतबार) ( विहान ७ बजे देखि २४ घण्टा)**

- **भोली कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै हुने। भोलि कोशी, नारायणी र यसका सहायक नदीमा बहाव घटबढ हुने तर सतर्कता भन्दा केहि मात्र तल हुने पुर्वानुमान छ।**
- **भोलि कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई लगायतमा पनि बहाब केही बढ्ने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।**
- **भोलि बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशको मध्यपहाडी, चुरे र तराईबाट बहने केहि स-साना नदीमा बहाव बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।**

**पूर्वानुमान पर्सी : भदौ-०१ (सोमबार) (विहान ७ बजे देखि २४ घण्टा)**

- **पर्सी कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै हुने।**
- **पर्सी कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई लगायतमा पनि बहाब सामान्य घटबढ हुने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।**
- **पर्सी बागमती, गण्डकी , कर्णाली र सुदूरपश्चिम प्रदेश को मध्यपहाडी, चुरे र तराई भई बहने स-साना सहायक नदीमा बहाव सामान्य बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।**

**सरोकारवालाका लागि परामर्श (Advisory):**

- **आज र भोलि देशैभरका प्रमुख नदीहरु कोशी, नारायणी, कर्णाली,महाकाली र यसका सहायक नदीमा बहाव उलेख्य बढ्ने तथा सतर्कता आसपास नै हुने भएकाले नदी तटिय क्षेत्रमा उच्च सतर्कता अपनाऔ।**
- **आज र भोलि कन्काई,कमला,बागमती, पश्चिम राप्ती, बबई लगायतमा बहाव बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान रहेपनि यसका केहि स-साना सहायक नदीमा आकस्मिक बहाव हुन सक्ने रहेकाले तटिय क्षेत्रमा सतर्कता अपनाईराखौ।**
- **आज सप्तकोशीमा बहाब बढ्दो हुने र सतर्कता आसपास पुग्ने,कोशीको मुख्य सहायक नदी तमोरमा बहाब खतरा तह आसपास हुने,नारायणीमा बहाब सतर्कता भन्दा माथि र खतरा आसपास हुने पूर्वानुमान रहेकाले तटिय क्षेत्रमा उच्च सतर्कता अपनाऔ ।**
- **आज पाँचथर, संखुवासभा, ओखलढुङ्गा, रामेछाप, दोलखा, सिन्धुली, काभ्रेपलान्चोक, काठमाडौँ उपत्यका, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, धादिङ, मकवानपुर, चितवन, गोरखा, नवलपरासी, रुपन्देही, कपिलबस्तु,पाल्पा, अर्घाखाँची, गुल्मी, तनहुँ, लमजुङ, स्याङ्जा, कास्की, पर्वत, बाग्लुङ, रुकुम, रोल्पा, प्युठान, दाङ, बाँके, सुर्खेत, सल्यान, बर्दिया,दैलेख,कालिकोट, डोटी, अछाम, कैलाली, कञ्चनपुर, डडेल्धुरा र आसपास भई बहने स-साना नदीमा बहाव केही बढ्ने र केहीमा आकस्मिक बहाब भई सतर्कता तह पुग्न सक्ने पूर्वानुमान रहेकोले साना नदीतटिय क्षेत्रमा सतर्कता अपनाईराखौ।**

(*बाढी पूर्वानुमान वुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं। विभागको ट्विटर पेज: *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं।

नोट: पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङले उच्च जोखिमको संकेत गर्छ।


नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*

   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv

   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry
2) *MFD Rainfall Forecast*
3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*
   *24 Hour Rainfall Forecast Today (9am to 9 am)*
   *24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*
5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*
11) *SouthAsia Flash Flood Guidance System (Nepal)*




*२४ घण्टाको बर्षाको पूर्वानुमान (६-६ बजे)*

12) *Other Global Flood Forecasts*
13) *Satellite Cloud Picture*
14) *Etc…*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।